२०२४ साल फेब्रुअरि ~ मार्च अंक (जेनवरी मसान्त प्रकाशन)
公益財団法人 川崎市国際交流協会

# KIAN हेल्लो खावासकी

जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 ईमेल:kiankawasaki@kian.or.jp
*********************************************************************************


## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" सम्बन्धि



**२०२३ साल जनवरी १ तारिख देखि डिसेम्बेर ३१ तारिख सम्म** हुने १ बर्षको आय रकम (आम्दानी तथा खर्च) अनुसार आयकरको लेखा परीक्षण (हिसाब) गरि आय विवरण घोषणा गर्छौ। स्वरोजगार, कृषि, एक भन्दा बढी व्यवसायमा लागेका व्यक्तिहरु आदिले आय विवरण घोषणा गर्नै पर्ने हुन्छ। तलब लिएर काम गर्ने धेरै जस्तो व्यक्तिहरुले आय विवरण घोषणा गर्न आवश्यक छैन् । तर, तल उल्लेखित गरिएका निम्न व्यक्तिहरुले भने घोषणा गर्नै पर्ने हुन्छ।

・वार्षिक तलब २० करोड येन भन्दा बढी हुने व्यक्ति
・दुई भन्दा बढी ठाउँबाट तलब लिएर काम गर्ने गरेको व्यक्ति आदि
・गृहनगरमा कर तिरेको व्यक्ति (वान्स्ताप आवेदन दिने व्यक्ति बाहेक), हाउस्लोन लिएको पहिलो बर्ष, चिकित्सा खर्च कटौती प्राप्त गर्ने व्यक्ति आदि

भिसा नवीकरण तथा परिवर्तन गर्दा आय विवरण घोषणा गरेको कागजपत्रको प्रतिलिपि पेस गर्नु पर्ने पनि हुन सक्छ। त्यसैले यसलाई सुरक्षित साथ राख्नुहोस्।
* यदि तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवार छ भने तपाइँले निर्भरता कटौती प्राप्त गर्न सक्नुहुनेछ।
यदि निर्भरता कटौती प्राप्त गर्नु भएको छैन् भने कमाई भएको व्यक्तिले पनि आय विवरण घोषणा गरि कर फिर्ती लिऔं।



**निवेदन दिने समय : <u>२०२४ फेब्रुअरि १६ (शुक्र) ~ मार्च १५ (शुक्र)</u>**

**आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्दा आवश्यक पर्ने कुराहरु :**

१. आय विवरण घोषणा फाराम (कर कार्यालयमा राखिएको हुन्छ) *"माई नम्बर" छ भए घोषणा फाराम आदिमा भर्नु पर्ने हुन्छ ।
२. रेइवा ५ वर्षको आय रकम थाहा हुने कागजपत्र (कर कटौती गरेको कागज वा पैसा तिरेको कागजपत्र)
३. “जाईरियु कार्ड” (जापानको बसाई दर्तापत्र)
४. निर्भरता कटौतीका लागि आवश्यक कागजपत्रहरु ( तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवारको जन्मदर्ता प्रमाणपत्र र उक्त व्यक्तिको नाममा पैसा पठाएको कागजपत्र आदि )
५. स्वास्थ्य बीमा कटौतीको लागि आवश्यक कागजहरु (स्वास्थ्य बीमा कटौतीको प्रमाणपत्र) ६. चिकित्सा खर्च कटौती (बिलहरु)

| खावासाकी शहरमा आवेदन लिने स्थानहरु: | सम्पर्क गर्ने ठाउँ | तपाइँ बस्ने वडा |
|---|---|---|
| खावासाकी उत्तरी कर कार्यालय | २-४-३ हिसामोतो, ताकाचु वडा, खावासाकी (044-852-3221) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी पश्चिमी कर कार्यालय | १-३-१४ खामीआसो, आसो वडा, खावासाकी (044-965-4911) | तामा वडा र आसो वडा |
| खावासाकी दक्षिणी कर कार्यालय | ३-१८ एनोकिच्यो, खावासाकी वडा, खावासाकी (044-222-7531) | खावासाकी वडा र साईवाई वडा |

◆ राष्ट्रिय कर एजेन्सीको होमपेजमा अंग्रेजीमा जानकारी उपलब्ध छ।
Information about Final Tax Return https://www.nta.go.jp/english/taxes/individual/12011.htm

◆ विदेशीहरुको लागि आय विवरण घोषणा फारम भर्ने तरिकाको म्यानुअल (सजिलो भर्जन)२०२२ (२०२३को नयाँ संस्करण कर कार्यालयमा उपलब्ध) https://www.nta.go.jp/taxes/shiraberu/shinkoku/tebiki/2022/foreigner/index.htm
अंग्रेजी, चिनियाँ, पोर्चुगिज, भियतनामी,थाई र नेपाली भाषामा व्याख्या गरिएको छ।

.......................................................................................................................................

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा गरिने आपतकालीन अभ्यासमा सबैजना आउनुहोस्



नाकाहारा दमकल विभाग र शहरी संघको सहकार्यमा विदेशी र जापानी नागरिक संगै मिलेर आपतकालीन प्रशिक्षण अभ्यास गरिनेछ।

【दिन र समय】 २०२४ साल फेब्रुअरी २९ (बिहि) १०:००～१२:००
【स्थान】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको प्रवेशद्वार अगाडिको आँगन
【विषय】 दमकल, पम्प ट्रकहरू आदि प्रयोग गर्ने तरिका,भूकम्प अनुभव, AED अनुभव, आदि।
【लाग्ने शुल्क】नि:शुल्क
【आवेदन】 चाहिन्दैन सहभागी हुन इच्छुकहरुको १०:०० बाट आवेदन लिन शुरु गरिनेछ।
【संपर्क】खावासाकी अन्तर्राष्ट्रिय केन्द्र फोन(044−435-7000)、ई-मेल(kiankawasaki@kian.or.jp)

आपतकालीन खानाको स्वाद लिन सक्नु हुन्छ!
सजिलो जापानी भाषामा बोल्नेछौं।

# २०२४ साल जेनवरी देखि मार्च सम्मको केन्द्रको कार्यक्रमहरु

| कक्षा・कार्यक्रम | दिन, समय | सहभागिता | सारांश |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा<br>**जापानी भाषा** <br>※ZOOM बाट हुने ओन्लाइन क्लास हो। | बिहानको कक्षा (मंगलबार र शुक्रबार)<br>जनवरी ९ ～ मार्च ८<br>९: ५० ～ ११:५०<br>बिस्तृत जानकारीको लागि संपर्क गर्नुहोला। | ९,३५० येन(१७ पटक)<br>पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने | थोरै विद्यार्थी राखिन्छ (एउटा क्लासमा ५–८ जना)<br>प्रारम्भिक देखि माथिल्लो सम्म प्रत्येक लेभलको छुट्टै ८ देखि ११ कक्षाहरू छन्।<br><br>धमाधम आवेदन लिदै !<br>कृपया फोटो एक प्रति (३X४cm को) लिएर आउनुहोस् । |
| | बेलुकीको कक्षा (प्रत्येक बुधबार)<br>जनवरी १० ～ मार्च ६<br>१८:३० ～ २०:३०<br>बिस्तृत जानकारीको लागि संपर्क गर्नुहोला। | ४,९५० येन(९ पटक)<br>पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने | |
| खावासाकी अन्तर्राष्ट्रिय अन्तरक्रिया अन्तर्गत निजी संस्थाको सानो विनिमय बैठक<br>｢शिन्क्योकु युयु कोरस ग्रुप｣<br>स्थान：रिसेप्सन रुम | फेब्रुअरी १७ (शनि)<br><br>१४:०० ～ १६:०० | HP आवेदन फाराम, फोन र केन्द्रमा आएर आवेदन दिन सकिन्छ। | शिन्क्योकु युयु कोरस ग्रुप चिनीया नागरिकहरुको आमेच्यर कोरस ग्रुप हो। कोरस अभ्यास विधिहरू र संगीत प्रस्तुत गर्नेछौं, र गायन ग्रुपको प्रस्तुतीकरणहरू दिनेछौं। |
| कोरियन भाषाको अन्तर्राष्ट्रिय समझ पाठ्यक्रम<br>｢कोरियनहरुको संख्या को अवधारणा｣<br>केइयोउ विश्वविद्यालयका लेक्चरर इतेमुन<br>स्थान：समूह गतिविधि कोठा | मार्च ९ (शनि)<br><br>१०:०० ～ ११:३० | ५५० येन<br>HP , फोन , संस्था मा आएर निबेदन दिन सक्नु हुन्छ । | विभिन्न संख्याहरू व्यक्त गर्ने तरिकाबाट कोरियाली मान र संस्कृति अन्वेषण गर्ने मौका हो। रि टिचर संग कोरियाली भाषामा कुरा गरौं! |
| ग्लोबल सिटिजन कोर्स<br>｢तेचु नाकामुरालाई समर्थन गर्ने नर्स चियोको फुजिताको लेक्चर｣<br><br>स्थान：हल | मार्च २३ (शनि)<br><br>१२:५० ～ १४:००<br>(शुरु हुने १२:३०)<br><br>लेक्चर को अघि फिल्म देखाइनेछ। | प्रवेश शुल्क: १,००० येन<br>(टिकट ढुवानी शुल्क: १०० येन छुट्टै लाग्नेछ।)<br>२०० जना सम्म मात्र<br>(पहिले आउनेलाई प्राथमिकता दिईनेछ।)<br>फेब्रुअरी १ (विही) बाट HP , फोन , संस्था मा आएर निबेदन दिन सक्नु हुन्छ । | डा. तेचु नाकामुराको गतिविधिलाई समर्थन गरेका र अफगानिस्तानका एक पुरुष डाक्टरले समेत सम्मान गरेका नर्सिङ निर्देशक चियोको फुजितालाई डा. तेचु नाकामुराको जस्तै संघर्शपूर्ण उनको आधा जीवनको बारेमा सुन्नको लागि हामी स्वागत गर्दछौं। |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको विदेशी भाषाको कक्षा<br><br>बच्चाहरुको लागि अंग्रेजी A<br>बच्चाहरुको लागि अंग्रेजी B<br>बच्चाहरुको लागि स्पेनिश | मार्च २६ तारिख (मंगल) देखि २८ तारिख (विही) सम्म<br>अंग्रेजी A १३:०० ～ १४:००<br>अंग्रेजी B १४:३० ～ १५:३०<br>स्पेनिश १०:३० ～ ११:३० | ३,३०० येन<br>(पाठ्यक्रमको शुल्क सहित)<br>फेब्रुअरी ७ (बुध) बाट आवेदन शुरु हुनेछ। | विदेशी शिक्षकहरु सँग<br>अंग्रेजी A (प्राथमिक विद्यालय १ र २ कक्षाका विद्यार्थी)<br>अंग्रेजी B (प्राथमिक विद्यालय ३ र ४ कक्षाका विद्यार्थी)<br>स्पेनिश (प्राथमिक विद्यालय १ देखि ५ कक्षाका विद्यार्थी)<br>सिकौं। |

* * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * * *

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)

ZOOM प्रयोग गरेर ओन्लाइन परामर्श लिन सकिन्छ !

होमपेज बाट रिज़र्भेसन राख्नुहोला

परामर्श सेवाको समय　　९ : ०० -१७ : ००　(खाजा ब्रेकको समय पनि सेवा उपलब्ध छ)

परामर्श सेवाको प्रत्यक्ष फोन नं.　Tel. 044-455-8811

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।

ओन्लाइन परामर्शको लागि निबेदन दिने पेज

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज

**＊ प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा (जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने)**

मिति：२०२४ साल फेब्रुअरी १८ (आइत) , मार्च १७ (आइत)　　१४：०० ～१६：००

स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा